कार्यव्यवस्था
प्रतिनिधि सभा
दर्ता नं.: ०२
मिति: २०८१।०२।१२
समय: १:२८

मिति: २०८१/०२/११

श्री महासचिव ज्यू,
प्रतिनिधिसभा ।

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ७१ बमोजिम देहाय बमोजिमको संकल्प प्रस्तावमाथि छलफल गर्न यो सूचना दिएको छु ।

जरुरी सार्वजनिक महत्वको प्रस्ताव:

संविधानले निर्दिष्ट गरेका मौलिक हकको प्रत्याभूति, सङ्घीयताको प्रभावकारी कार्यान्वयन, आर्थिक विकास, सामाजिक न्याय, सुशासन, पारदर्शिता, जवाफदेहिता र चुस्त दुरुस्त सार्वजनिक सेवा प्रवाहका निम्ति तिनै तहका सरकार एवं राज्यका निकायहरू बिचको सहकार्य आजको प्रमुख आवश्यकता हो । यो सँगै बलियो राष्ट्र निर्माण तथा आर्थिक समृद्धि हासिल गर्न निजी तथा सार्वजनिक दुवै क्षेत्रको उपस्थिति, साझेदारी र सहयात्राका लागि आवश्यक वातावरण तयार पार्नु राज्यको अनिवार्य दायित्व हो । तर, अन्तरसरकार एवं राज्यका विभिन्न निकायहरूबीचमा सहकार्य नहुँदा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्र प्रभावकारी हुन सकिरहेको छैन । फलस्वरूप, सार्वजनिक सेवा प्रवाहको क्षेत्र झन्झटिलो र खर्चिलो हुँदै गएको छ भने विकास निर्माणको कार्य तथा सरकारी कामकारबाहीमा व्यापक मात्रामा दोहोरोपन बढेको छ । जसका कारण राज्यले गरेको लगानीले प्रभावकारी नतिजा दिन सकेको छैन भने आम नागरिकमा राज्यको काम कारबाहीप्रति विश्वसनीयता समेत घट्दै गएको छ ।

अन्तरसरकार एवं अन्तरनिकाय बीचमा सहकार्यको अभाव रहँदाको नतिजा कस्तो हुन्छ भन्ने दृष्टान्त देशको राजधानी काठमाडौंमै स्पष्ट देख्न सकिन्छ । यहाँका सडक निर्माणका निमित्त वार्षिक रूपमा संघीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबाट ठूलो बजेट विनियोजन हुन्छ । सोही अनुसार सडक निर्माण तथा स्तरोन्नतिको काम पनि भइरहेको हुन्छ । तर, स्थानीय सरकार, विद्युत् प्राधिकरण, खानेपानी लगायत सरकारका विभिन्न निकायहरूबीच समन्वयको अभाव हुँदा संघीय सरकार एवम् स्थानीय सरकारबाट ठूलो रकम खर्च गरी बनाइएको सडकमा वर्ष दिन नबित्दै कहिले खाने पानीको पाइप जडान गर्ने, कहिले विद्युत् प्राधिकरणले तार भूमिगत गर्ने, कहिले स्थानीय सरकारले सहर सौन्दर्यकरण गर्न फुटपाथको निर्माण गर्ने नाममा एउटै सडक पटकपटक भत्काउने र पुनस्बनाउने कार्य भइरहेको छ । देशको संघीय राजधानीमा समेत सरकारका अन्तरनिकायहरूबीचमा नै समन्वय र सहकार्य हुन सकिरहेको छैन भने सबै तहका सरकार तथा सरोकारवाला क्षेत्रबीचमा सहकार्यको वातावरण कसरी बन्न सक्छ ?

त्यसैगरी, अन्तरनिकायहरूबीच समन्वयको अभावमा निर्माणाधीन धेरै योजनाहरू समयमा सम्पन्न हुन सकिरहेका छैनन् । जसका कारणले ती आयोजनाको लागत बढ्ने, निर्माण गरिएका पूर्वाधारको गुणस्तरीयतामा प्रश्न उठ्ने, टिकाउ नहुने जस्ता थुप्रै जटिलताहरू थपिँदै गएका छन् । तर, यस्ता

आयोजनामा गरिएको लगानी तथा राज्यको स्रोत, उर्जा र आमनागरिकका सरोकार जोडिएका गम्भीर विषयमा जिम्मेवार निकायको जवाफदेहिता भने शून्य जस्तै छ ।

त्यसैले, अन्तरनिकायहरूबीच आवश्यक समन्वय नहुँदा राज्यले गरिरहेको लगानीले उचित प्रतिफल दिन सकिरहेको छैन भने भइरहेका विकासका काममा सुशासन र जवाफदेहिताको अभावले आमनागरिकलाई सही अर्थमा विकासको आभास समेत दिन सकेको छैन । जसले गर्दा राज्यले गरिरहेको खर्च तथा लगानी समेत व्यर्थ भइरहेको देखिन्छ ।

त्यसैले स्रोतको सीमितता भएको हाम्रो जस्तो विकासशील मुलुकमा थोरै लगानीमा धेरै प्रतिफल हासिल गर्न तिनै तहका सरकार तथा राज्यका विभिन्न निकायहरू एवं निजी, सार्वजनिक लगायत सबै पक्षबीचमा अनिवार्य सहकार्यको आवश्यकता छ । सहकार्यको यस सिद्धान्तलाई नेपालको संविधानले नै आत्मसात् गरेको छ तर यसको व्यवहारिक रूपमा कार्यान्वयन भने हुन सकिरहेको छैन ।

नेपालको संविधानको भाग ४ मा रहेको राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ (च) मा विकासका कार्यक्रमहरू समन्वयात्मक तवरले कार्यान्वयन गर्नु पर्छ भनी उल्लेख गरेको छ । साथै, नेपालको संविधानको धारा २३२ ले तिनै तहको सरकारहरूवीचको सम्बन्ध समन्वयको सिद्धान्तको आधारमा हुने भनी उल्लेख गरेको छ र सोही अनुसार संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ समेत जारी भएको छ । त्यसैगरी, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले समेत नेपाल सरकारले अख्तियार गर्ने नीतिमा स्रोतको दिगो तथा कुशल व्यवस्थापन गर्ने भनी उल्लेख गरेको छ । यसरी कानुनले राज्यका निकायहरूवीच समन्वयात्मक सम्बन्ध हुनुपर्छ भन्ने सिद्धान्तलाई अवलम्बन गर्दा समेत अन्तरनिकायहरूवीच समन्वय हुन नसक्दा सिङ्गो देशले तय गरेको विकासको न्यूनतम लक्ष्य समेत प्राप्त गर्न सकिरहेको छैन ।

अतः संघीयताको प्रभावकारी कार्यान्वयन, आर्थिक विकास, सामाजिक न्याय, सुशासन, पारदर्शिता, जवाफदेहिता र चुस्त—दुरुस्त सार्वजनिक सेवा प्रवाहका निम्ति तिनै तहका सरकार एवं राज्यका अन्तरनिकायहरूबीचमा आवश्यक छलफल एवं समन्वय गर्न तथा राज्य कोषवाट खर्च भइरहेको बजेट मितव्ययी ढंगले उपयोग गर्न र आमनागरिकका सरोकार सँग जोडिएका सबै विषयमा जिम्मेवारपूर्ण भएर कार्य गर्ने गराउने सम्वन्धमा अनिवार्य सहकार्यको व्यवहारिक अभ्यासलाई सम्बोधन गर्नका लागि यस संकल्प प्रस्ताव प्रस्तुत गर्दछु ।

<u>छलफल गर्नु पर्नाको कारण</u>:

१. विकासका निमित्त राज्य कोषबाट हुने लगानी तथा खर्चको व्यवस्थित तथा पारदर्शी तवरले सदुपयोग गर्न राज्यका विभिन्न निकायहरूले आवश्यक समन्वय गरेर मात्र विकास निर्माणका परियोजना कार्यान्वयन गर्न/ गराउन आवश्यक विशेष कानुनको निर्माण गरी पूर्ण जवाफदेहितासहितको पूर्वाधार निर्माण तथा सुशासन कायम गर्न ।

२. सबैखाले विकासका काममा राज्यका निकायहरूबीच समन्वय गरी विकासको काममा दोहोरोपन हटाउन तथा राज्य स्रोतको मितव्ययिता कायम गर्न ।

३. आमनागरिकको स्वच्छ वातावरणमा बच्न पाउने अधिकारलाई सुनिश्चित गर्न ।

४. नेपालमा हुने विकासको कार्यलाई व्यवस्थित एवम् योजनाबद्ध ढङ्गबाट अगाडि बढाउन तथा दिगो विकासमा परिणत गर्नका लागि योजना बनाउँदा दीर्घकालीन लक्ष्य राखेर निर्माण गर्नुपर्ने, जस्तैः (सहर तथा उपत्यकामा सडक निर्माणसम्बन्धी विकासको योजना बनाउँदा उक्त सडकसँग सम्बन्धित सम्पूर्ण पक्ष जस्तै सडक मुनिबाट प्रवाह हुने ढल, नाली वा उपभोग्य सेवाका तार, फुटपाथ लगायतका पूर्वाधारका अन्य आवश्यकतालाई ध्यानमा राखी तोकिएको स्थानमा सबै पक्षसँग अनिवार्य सहकार्य गरेर एकीकृत विकास) को योजना बनाउन सम्बन्धित निकायहरूलाई निर्देशन दिने।

५. राज्यका सम्पूर्ण निकायहरूबीच सम्बन्धित कुनै प्रस्तावित योजना रहेको वा नरहेको यकिन गरी योजना रहेको खण्डमा एकीकृत रूपले सम्पूर्ण विकासको कार्यक्रम अगाडि बढाउन नेपाल सरकार र सम्बन्धित निकायलाई निर्देशन दिने ।

<u>सम्बन्धित मन्त्रालय</u>:- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

<u>प्रस्तावक</u>

हस्ताक्षर :

नाम थर : श्री प्रदीप पौडेल

क्रम सङ्ख्या : १२२

मिति : २०७९/२/११

<u>समर्थक</u>

१. नाम थर : सपना राय भण्डारी

क्रम सङ्ख्या : २३८

मिति : २०७९ - २ - ११

२. नाम थर : प्रतिमा गौतम

क्रम सङ्ख्या : १२०

मिति : २०७९ - २ - ११